# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २५ गते २०३९ साल

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको

### सूचना

श्री ५ को सरकारले यस सचिवालय अन्तर्गत स्थापना भएका क्षेत्रीय स्तरको प्रादेशिक योजना कार्यालयहरूको नाममा "प्रादेशिक" भन्ने शब्दको सट्टा "क्षेत्रीय" शब्द प्रयोग गर्ने र पाँचौं विकास क्षेत्र दिपायल, डोटीमा पनि क्षेत्रीय योजना कार्यालय स्थापना गर्ने मिति २०३९।५।२३ मा निर्णय गरेको छ। उक्त निर्णयानुसार यस सचिवालय अन्तर्गत स्थापना भएका र अब स्थापना हुने कार्यालयहरूको नाम निम्नबमोजिम नामकरण भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. पूर्वाञ्चल विकास क्षेत्र,
   क्षेत्रीय योजना कार्यालय, धनकुटा।
२. मध्यमाञ्चल विकास क्षेत्र,
   क्षेत्रीय योजना कार्यालय, काठमाडौं।
३. पश्चिमाञ्चल विकास क्षेत्र,
   क्षेत्रीय योजना कार्यालय, पोखरा।
४. मध्य पश्चिमाञ्चल विकास क्षेत्र,
   क्षेत्रीय योजना कार्यालय, सुर्खेत।
५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र,
   क्षेत्रीय योजना कार्यालय, दिपायल, डोटी।

आज्ञाले,
शंकरकृष्ण मल्ल
श्री ५ को सरकारको सचिव

384



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

340

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।